TPO Nepal
PEACE OF MIND

SWC Regd.: 18158/2062/63
CDO Regd.: 644/2061/62
IRD: PAN: 301956147
Web: www.tponepal.org

बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ. नेपाल)
Transcultural Psychosocial Organization Nepal (TPO Nepal)

**आदरणीय अतिथिज्यूहरू, साझेदार संस्थाका प्रतिनिधिज्यूहरू, सहकर्मी मित्रहरू**

यहाँहरूको उपस्थितिमा आज हामी टि.पि.ओ. नेपालको २०औं वार्षिकोत्सव मनाईरहेकाछौं। तर यो केवल एउटा उत्सव मात्र नभएर हामीले सँगै पार गरेको मनोसामाजिक तथा मानसिक सुस्वास्थ्यको अर्थपूर्ण यात्रालाई फर्केर हेर्ने, सम्झना गर्ने र कृतज्ञता प्रकट गर्ने अवसर पनि हो।

२०६२ साल असार २३ गते (जुन ६, २००५), सशस्त्र द्वन्द्वको कठिन समयमा, टि.पि.ओ. नेपालले मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगको आवश्यकता महसुस गर्दै, सानो तर दृढ कदमका साथ सुरु गरेको यात्रा, अहिले राष्ट्रिय प्रतिबद्धतामा परिणत भई लाखौं व्यक्तिहरू लाभान्वित भएका छन्। हजारभन्दा बढी मनोविमर्शकर्ताहरू, सामुदायीक मनोसमाजिक कार्यकर्ताहरू, थुप्रै क्लिनिकल कर्मचारीहरू, व्यवस्थापन समिति, प्रशासनिक कर्मचारीहरू, अनुसन्धान टोली, सहयोगी कर्मचारीहरूलाई परिचालित गर्दै नेपालभरका प्रणाली र नीतिहरूमा उल्लेखनीय प्रभाव पार्दै आएको छ। तथ्याङ्क र सङ्ख्याहरूमा भन्दा पनि हाम्रो यात्रालाई साँच्चिकै परिभाषित गर्ने कुरा ती कथाहरू हुन् जसमा मानिसहरूले सबैभन्दा अन्धकारमय समयहरूमा आशाको किरण भेटेका छन्, मानसिक स्वास्थ्य समस्याहरूको अनुभव गरेका व्यक्तिहरूका कथाहरू, समुदायहरू तथा परिवारले एकअर्काप्रति हेरचाह गर्न, सहनशीलता निर्माण गर्न र लाञ्छना हटाउन एक साथ आएर गरेको प्रयासका कथाहरू र ती जुझारु व्यक्तिहरूका कथाहरू जसले मानसिक स्वास्थ्य महत्वपूर्ण छ र प्राथमिकतामा राख्नुपर्दछ भन्ने निरन्तर विश्वास राखिरहनु भयो।

हामीले सबैको सहकार्यमा नेपालमा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग सेवाको स्वरूपलाई रूपान्तरण गर्ने प्रयास गरेकाछौं। हामीले समुदाय तथा सेवाग्राहीहरूको सहभागिता तथा सहकार्यमा समुदायस्तरीय, नेपाली माटो सुहाउँदो सहयोग तथा सेवाका कार्यक्रमहरू सह-निर्माण गर्दै, संघिय, प्रादेशिक र स्थानीय प्रणालीहरूलाई मजबुत गर्नमा योगदान पऱ्याउँदै आएकाछौं। अनुसन्धान, नीति निर्माण, क्षमताविकास, सेवा प्रदान तथा व्यावहारिक अनुभवमा आधारित भएर करुणामय सेवा र त्यसलाई जीवन्त राख्नु नै हाम्रो संस्थागत पहिचान बनेको छ। यस २० वर्षको यात्रामा हामी आकार, पहुँच र सङ्ख्यामा मात्र होइन, गरिमामय सेवा, समावेशीता र मानवअधिकारप्रतिको हाम्रो प्रतिबद्धतामा पनि सुदृढीकरण गरेका छौं।

हामी भविष्यतर्फ दृढ र कटिबद्ध भई अगाडि बढ्दैछौं। हामी हाम्रा सिकाइहरू, सफलताहरू, चुनौतीहरू, सम्भावित समाधानहरू, आशा र मनोपीडा बाट निको भएका कथाहरू, साझेदारी तथा सहकार्यका परिणामहरू अवलम्बन गर्दै मनोसामजिक सुस्वास्थ्य सवल तुल्याउन अग्रसर भईरहेका छौं। यस दौरानमा हाम्रो साथमा हुनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं। विशेष गरी समुदायका व्यक्तिहरू जो हाम्रो कार्यक्रममा संलग्न हुनुभयो, सरकारी तथा गैरसरकारी निकायहरू, दातृ संस्थाहरू, साझेदार संघसंस्थाहरू,

कार्य समितिका सदस्यहरू, व्यवस्थापन समितिका सदस्यहरू, कर्मचारीहरू र सम्पूर्णमा हार्दिका कृतज्ञता व्यक्त गर्दछु जसले हामी प्रति विश्वास राखी यस सम्पूर्ण यात्रामा सँगसँगै हिँडिरहनुभयो ।

म दृढ विश्वास गर्दछु की हाम्रो निरन्तर संयुक्त सहकार्य र साझा प्रतिबद्धताले, हाम्रो संस्थाले आगामी दिनहरूमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्नेछ । हामी सँगै मिलेर नेपालभर मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग प्रणालीहरू सुदृढ पार्न र समुदायको सहनशीलता अभिवृद्धि गर्न सक्षम हुनेछौँ जसले दीर्घकालीन, पहुँचयोग्य र सार्थक परिवर्तन ल्याउनेछ ।

हाम्रो सफलताको यात्रामा साथ दिनुभएकोमा हार्दिक आभार ।

भवदीय

प्रा. डा. मिता राणा
अध्यक्ष
टि.पि.ओ. नेपाल